निर्वाचन आयोग, नेपाल
ELECTION COMMISSION, NEPAL

# स्थानीय तह निर्वाचन बुलेटिन

वर्ष १ अंक १ २०७४ असार १, २०७४ (June 15, 2017)

### स्थानीय तह दोस्रो चरणको निर्वाचन

# उम्मेदवारी मनोनयनका लागि आह्वान




प्रमुख निर्वाचन आयुक्त डा. अयोधीप्रसाद यादव (बायाँबाट तेस्रो), विशेष पत्रकार सम्मेलनमा सम्बोधन गर्नुहुँदै ।

**आदरणीय मतदाता दिदीबहिनी तथा दाजुभाइहरू**

संविधानसभाबाट जारी भएको 'नेपालको संविधान' ले व्यवस्था गरेबमोजिम ७४४ वटा स्थानीय तहमध्ये पहिलो चरणमा २०७४ वैशाख ३१ गते आइतबार तीनवटा प्रदेशका ३४ जिल्लाका २८३ वटा स्थानीय तहमा निर्वाचन सम्पन्न भइसकेको छ । पहिलो चरणअन्तर्गत चितवन जिल्लाको भरतपुर महानगरपालिका बाहेक २८२ स्थानीय तहको निर्वाचनको परिणामसमेत आइसकेको छ । पहिलो चरणको निर्वाचनलाई सफल बनाउन हरतरहले सहयोग पुऱ्याउनुहुने नेपाल सरकार, राजनीतिक दल, उम्मेद्वार, सुरक्षा निकाय, निर्वाचनमा खटिएका कर्मचारी, आम सञ्चार माध्यम, मतदाता लगायत सबैमा आयोग हार्दिक धन्यवाद ज्ञापन गर्दछ ।

अब २०७४ असार १४ गते हुने प्रदेश १, २, ५ र ७ का ४३ जिल्लाका ४६१ स्थानीय तहको निर्वाचनका लागि भोलि असार २ गते उम्मेदवारी मनोनयन दर्ता गर्न सम्पूर्ण तयारी पूरा भएको समस्त मतदाता, आम जनता, राजनीतिक दल र सरोकारवालाहरूलाई अवगत गराउन चाहन्छु । दोस्रो चरणको निर्वाचनबाट २१ हजार ३५२ प्रतिनिधिहरू निर्वाचित हुने छन् । यसका लागि देशभर ६ हजार ७१८ मतदान स्थलमा ११ हजार ९३१ मतदान केन्द्र रहने छन् । मतदान कार्यमा सुरक्षाकर्मीबाहेक ९५ हजार ५०० कर्मचारी खटिने छन् ।

संविधानसभाबाट बनेको नेपालको संविधानलाई कार्यान्वयन गर्न हुन लागेको दोस्रो चरणको ऐतिहासिक निर्वाचन अन्तर्गत २०७४ असार २ गते शुक्रबार उम्मेदवारको मनोनयन दर्ता गर्ने दिन भएको हुँदा सम्पूर्ण राजनीतिक दल तथा स्वतन्त्र उम्मेदवार हरूलाई उत्साहपूर्वक उम्मेदवारी दर्ता गर्न निर्वाचन आयोग हार्दिक आह्वान गर्दछ ।

नेपालको संविधान तथा स्थानीय तह निर्वाचन ऐन २०७३ ले व्यवस्था गरेअनुसार स्थानीय तहको निर्वाचनमा महिलाको प्रतिनिधित्वलाई सबैभन्दा बढी प्राथमिकतामा राखिएको छ । दलका तर्फबाट उम्मेदवारी दिँदा नगरपालिकाको प्रमुख/उपप्रमुख तथा गाउँपालिका अध्यक्ष/उपाध्यक्षमध्ये ५० प्रतिशत महिला उम्मेदवार हुनैपर्ने प्रावधानलाई राजनीतिक दलहरूले उत्साहपूर्वक लिनुभएको छ । वडा तहमा ४० प्रतिशत महिलाको प्रतिनिधित्व सुनिश्चित गरिएको छ । महिला, दलित, अल्पङ्ख्यकलगायतले उम्मेदवारी मनोनयन गर्नका लागि आवश्यक पर्ने दस्तुरमा ५० प्रतिशत छुट दिने व्यवस्था रहेको छ । उम्मेदवारी दर्ताका लागि असार २ गते शुक्रबार बिहान १० देखि ५ बजेसम्मको समय तय गरिएको छ ।

लोकतन्त्र, गणतन्त्र र संघीयताका लागि लामो समयदेखि सङ्घर्ष गरेका, जीवनको अति उर्वर समय जनताकै अधिकारका लागि समर्पण गरेका राजनीतिक दल तथा नेताहरूले जनताको अधिकारलाई सुनिश्चित ... (बाँकी पृष्ठ ६ मा)

> लोकतन्त्र, गणतन्त्र र संघीयताका लागि लामो समयदेखि सङ्घर्ष गरेका, जीवनको अति उर्वर समय जनताकै अधिकारका लागि समर्पण गरेका राजनीतिक दल तथा नेताहरूले जनताको अधिकारलाई सुनिश्चित गर्न र मताधिकारको सम्मान गर्न एवं आफूले रोजेको उम्मेदवारलाई छान्न पाउने मतदाताको सार्वभौम अधिकारलाई पूर्ण सम्मान गर्नु हुने छ ।

## निर्वाचन आयोगका पदाधिकारी



प्रमुख निर्वाचन आयुक्त
डा. अयोधीप्रसाद यादव



निर्वाचन आयुक्त
इला शर्मा



निर्वाचन आयुक्त
नरेन्द्र दाहाल



निर्वाचन आयुक्त
इश्वरीप्रसाद पौड्याल



निर्वाचन आयुक्त
सुधीरकुमार शाह



सचिव
गोपीनाथ मैनाली

*सम्पादकीय*

# अभिलेखीकरणको प्रयास

संविधानसभाबाट २०७२ असोज ३ गते जारी नेपालको संविधान र स्थानीय तह निर्वाचन २०७३ ले गरेको व्यवस्थाअनुसार २०७४ बैशाख ३१ गते ७४४ स्थानीय तहमध्ये पहिलो चरणमा २८३ स्थानीय तहको निर्वाचन सम्पन्न भई भरतपुर महानगरपालिकाबाहेक २८२ स्थानीय तहको निर्वाचनको नतिजासमेत सार्वजनिक भइसकेको छ । अब दोस्रो चरणमा बाँकी ४६१ स्थानीय तहमा २०७४ असार १४ गते निर्वाचन हुँदैछ । ढिलै भए पनि निर्वाचन आयोगले 'स्थानीय तह निर्वाचन - २०७४' लाई लक्षित गरी निर्वाचन बुलेटिन प्रकाशन गर्ने निर्णय गरेको छ । यस बुलेटिनमा स्थानीय तह निर्वाचनसम्बन्धी तथ्य र तथ्याङ्कलाई अभिलेखीकरण गर्ने प्रयास गरिएको छ ।

निर्वाचन स्वतन्त्र, निष्पक्ष र भयरहित वातावरणमा सम्पन्न गर्न मतदाताको व्यापक सहभागिता आवश्यक हुन्छ । मतदाता शिक्षाले मतदातालाई निर्वाचनमा सहभागिताका लागि तयार र सक्षम बनाउनमा योगदान पुर्‍याई निर्वाचनको विश्वसनीयता प्रवर्द्धन गर्छ । मतदातालाई सुसूचित गर्ने कार्यमा आमसञ्चार माध्यमको ठूलो भूमिका रहेको हुन्छ । आमसञ्चार माध्यम समाजका पहरेदार मात्र होइनन् समाजका शिक्षक पनि हुन् ।

निर्वाचन आयोगका निर्णय र जानकारीहरू प्रेस विज्ञप्तिमार्फत सार्वजनिक गरिँदै आएकोमा ढिलै भए पनि स्थानीय तह निर्वाचनको दोस्रो चरणको निर्वाचनको तयारीसँगै यो बुलेटिनको प्रकाशन शुरू भएको छ । यो निर्वाचन इतिहासकै सबैभन्दा बढी समावेशी प्रकारको निर्वाचन हो । यसमा महिला, दलित र अल्पसङ्ख्यकको प्रतिनिधित्वको सुनिश्चितता प्रदान गरिएको छ । यस बुलेटिनको प्रकाशनबाट यी सबै विषयमा तथ्याङ्क तथा जानकारी सम्प्रेषण गर्ने प्रयास गरिएको छ । यस बुलेटिनका माध्यमबाट निर्वाचनका तथ्य, तथ्याङ्कलाई अभिलेखीकरण गर्न प्रेरित गर्नुहुने प्रमुख निर्वाचन आयुक्त, आयुक्तहरू र आयोगका अधिकारीहरू धन्यवादका पात्र हुनुहुन्छ । बुलेटिन छपाइका लागि आवश्यक सहयोग गर्नुहुने निर्वाचन संयुक्त निर्वाचन परिचालन केन्द्र (जेइओसी) सूचना प्रविधि सञ्चालन महाशाखा, प्रशासन महाशाखा, मुद्रणका लागि व्यवस्थापन गर्नुहुने सबैलाई धन्यवाद ज्ञापन गर्दछौं । यो बुलेटिन आमसञ्चारका माध्यमदेखि निर्वाचनसँग सरोकार राख्ने, अनुसन्धानकर्ता सबैलाई उपयोगी हुने विश्वास लिएका छौं । बुलेटिन आवश्यकताअनुसार स्थानीय निर्वाचन अवधिभरि प्रकाशन गरिने छ ।

### कल सेन्टर सञ्चालन सम्बन्धी
### निर्वाचन आयोगको सूचना

***"स्वतन्त्र र निष्पक्ष निर्वाचन: राष्ट्रको गौरव"***

**२०७४ वैशाख ३१ गतेको पहिलो चरणको निर्वाचनमा सञ्चालनमा आएको कल सेन्टर असार १४ गते हुन गइरहेको स्थानीय तह निर्वाचनसँग सम्बन्धित प्रश्न तथा जिज्ञासाको जवाफ सर्वसाधारण, मतदाता तथा सरोकारवालाहरुलाई प्रदान गर्नका लागि निर्वाचन आयोग, कान्तिपथ, काठमाडौंमा मिति २०७४ वैशाख १५ गते देखि २०७४ असार ३ गते सम्म बिहान ८ बजे देखि बेलुकी ८ बजे सम्म कल सेन्टर सञ्चालन हुने भएकोले यो सूचना प्रकाशित गरिएको छ । यसको लागि टोल फ्रि नम्बर १६६००१४४२२२ मा फोन गर्नहोस् । पुनश्च: नेपाल टेलिकमको नेटवर्कबाट कल गर्दा प्रश्नकर्तालाई कुनै शुल्क लाग्ने छैन ।**

# आचारसहिता अक्षरशः पालना गर्ने प्रमुख दलको सामूहिक प्रतिबद्धता



काठमाडौँ, २७ वैशाख । निर्वाचन आयोग समक्ष प्रमुख राजनीतिक दलहरूले स्थानीय तहको निर्वाचनको सुव्यवस्थापनमा सहयोग पुऱ्याउने सामूहिक प्रतिवद्धता व्यक्त गरेका छन् । स्थानीय तहको निर्वाचनको तयारी, शान्ति सुरक्षा, आचार संहिता र मतदाता शिक्षाका केन्द्रित रहेर आयोगमा भएको छलफलपछि प्रमुख दलका शीर्ष नेताले समूहिक प्रतिबद्धतामा हस्ताक्षर गर्नुभएको हो ।

प्रतिबद्धतामा प्रधानमन्त्री एवम् नेकपा (माओवादी) केन्द्रका अध्यक्ष पुष्पकमल दाहाल 'प्रचण्ड', नेपाली काँग्रेसका सभापति शेरबहादुर देउवा, नेकपा (एमाले) का संसदीय दलका उपनेता सुवास नेम्वाङ, जनशक्ति पार्टीका संयोजक डा. बाबुराम भट्टराई, मधेसी जनअधिकार फोरम (लोकतान्त्रिक) का अध्यक्ष एवम् उपप्रधानमन्त्री विजयकुमार गच्छदार, राप्रपाका नेता बुद्धिमान तामाङ, संघीय समाजवादी पार्टीका नेता राजेन्द्र श्रेष्ठ हस्ताक्षर गर्नुभएको छ ।

छलफलमा प्रधानमन्त्री पुष्पकमल दाहाल प्रचण्डले स्थानीय तहको निर्वाचन समग्ररूपमा उत्साहजनक वातावरणमा अघि बढिरहेको र सुरक्षा तयारी एवं सक्रियताले निर्वाचनलाई असर पुग्ने क्रियाकलाप हुन नपाएको बताउनुभयो । नेकपा एमालेका संसदीय दलका उपनेता सुवास नेम्वाङले निर्वाचन आचार सहिता उल्लंघनका रोक्न सरकार र आयोगबाट सदासयता, प्रतिवद्धता देखाउने मात्र होइन, व्यवहारमा कार्यान्वय गर्ने प्रतिवद्धता होस् भन्नुभयो ।

नयाँ शक्ति पार्टीका संयोजक एवं पूर्वप्रधानमन्त्री डा. बाबुराम भट्टराईले सत्तारूढ दलसँग सम्बन्धित ठूला राजनीतिक दलबाट आपत्तिजनकरूपमा भइरहेको आचार सहिता हनन्का घटनाले निर्वाचनको स्वच्छता र स्वतन्त्रतामा आशंका उठेको धारणा व्यक्त गर्नुभयो ।

नेपाली काङग्रेसका नेता एवम भौतिक पूर्वाधारमन्त्री रमेश लेखकले निर्वाचनमा आफ्नो पार्टीले प्रयोग गरेका सवारी साधानमाथि धादिङ र नुवाकोटलगायतका जिल्लामा भएको आगजनीका घटनाप्रति पार्टीको ध्यानाकर्षण भएको उल्लेख गर्नुभयो । राप्रपाका नेता बुद्धिमान तामाङ तथा संघीय समाजबादी फोरमका नेता राजेन्द्र श्रेष्ठले प्रमुख राजनीतिक दल र सरकारबाटै निर्वाचन आचारसंहिता उल्लंघनका क्रियाकलाप हुने गरेको टिप्पणी गर्नुभयो । ●

## प्रतिबद्धता

**"निर्वाचन लोकतन्त्रको आधारशीला हो, स्वच्छ, स्वतन्त्र र विश्वासनीय निर्वाचनले मात्र लोकतन्त्रको सुदृढीकरण तथा शासनको सवलीकरणमार्फत सुशासनमा टेवा पुऱ्याउँछ भन्ने तथ्यलाई हृदयङ्गम गर्दै मुलुकमा सम्पन्न गरिने स्थानीय तहको निर्वाचनको सुव्यवस्थापनमा हाम्रो अग्रणी भूमिका रहेको तथ्यलाई आत्मसात् गर्दछौं । निर्वाचनले आयोगले जारी गरी कार्यान्वयनमा ल्याएको निर्वाचन आचारसहिता, २०७२ तथा स्थानीय तह निर्वाचन आचार संहिता, २०७३ मा उल्लेख भएका आचारसंहिताका बुँदाहरुको अक्षरशः पालनका लागि हामी प्रतिबद्धता व्यक्त गर्दछौं । साथै उल्लिखित बुँदाहरु सरोकारवालाहरुबाट समेत पालना गर्न/गराउन सदैव मन वचन र कर्मले प्रयत्नशील रहिरहने प्रतिबद्धता समेत व्यक्त गर्दछौं ।"**



नवनियुक्त गृहमन्त्री जनार्दन शर्मा (बायाँबाट पाँचौं) निर्वाचन आयोगका पदाधिकारीसँग भेटवार्तापछि सामूहिक तस्बिर खिचाउँदै ।

## निर्वाचनसम्बन्धी केही जानकारी

- मतदानद्वारा आफूलाई मन परेको प्रतिनिधि चुन्न पाउने अधिकार नागरिकको मौलिक अधिकार हो ।
- मतदाताद्वारा आफूलाई मन परेको प्रतिनिधि चुन्न मतदाता नामावलीमा नाम दर्ता गरौं ।
- मतदाता नामावलीमा नाम नभएको व्यक्तिले निर्वाचनमा उम्मेदवार हुन र मतदान गर्न पाउँदैन ।
- निर्वाचनमा उम्मेदवार हुन वा आफूले रोजेको उम्मेदवारलाई मतदान गर्न मतदाता नामावलीमा नाम हुनु अनिवार्य हुन्छ ।
- नेपालमा पहिलो पटक वि. स. २००४ साल जेठ २९ गते काठमाडौं म्यूनिसिपालिटिको निर्वाचन भएको हो ।
- नेपालमा वि. स. २०१० सालमा सम्पन्न काठमाडौं नगरपालिकाको निर्वाचनमा महिलाहरूले मताधिकारको अधिकार पाएका हुन् ।
- नेपालमा वि. स. २०१० मा सम्पन्न काठमाडौं नगरपालिकाको निर्वाचनमा वडा नं. ८ को वडाअध्यक्षमा साधना देवी प्रधान निर्वाचित भएकी थिइन् । उनी नेपालको पहिलो निर्वाचित महिला प्रतिनिधि हुन् ।
- नेपालको पहिलो प्रमुख निर्वाचन आयुक्त (प्रधान निर्वाचन कमिश्नर) सुवर्ण शमसेर राणा हुन् ।
- नेपालको पहिलो महिला निर्वाचन आयुक्त उषा नेपाल हुन् ।
- नेपालको पहिलो संसदीय आमनिर्वाचन २०१५ साल फागुन ७ गते सुरू भएको हो ।
- राष्ट्रिय जनमत संग्रह वि.स. २०३७ साल वैशाख २० गते सम्पन्न भएको हो ।
- राष्ट्रिय जनमत संग्रह सम्पन्न गर्न वि. स. ३०३६ सालमा गठित राष्ट्रिय चुनाव आयोगको अध्यक्ष पदमा भगवती प्रसाद सिंह नियुक्त भएका थिए ।
- स्वच्छ, स्वतन्त्र र विश्वसनीय निर्वाचन : हाम्रो लक्ष्य, हाम्रो अभियान
- सबै निर्वाचनको लक्ष्य, स्वतन्त्र, स्वच्छ र विश्वसनीय निर्वाचन हो ।
- तपाईको मत तपाईंको अधिकार, तपाईंको मत तपाईंको छनोट
- मतदाताले मुद्दाहरूबारे निर्णय लिँदैनन् । मतदाताले मुद्दाहरूबारे निर्णय गर्नेलाई छनोट गर्छन् ।
- मतदाताहरूबाट सिकौं ।
- मतदानको अधिकार प्रयोग गरेर आफ्नो भोलिको भविष्य निर्धारण गरौं ।
- तपाईको मत मूल्यवान् छ ।
- निर्वाचनमा उठ्ने अधिकार, निर्वाचित हुने अधिकार स्वतन्त्र र निष्पक्ष निर्वाचनः राष्ट्रको अभियान
- जसले मतदान गर्दैन उससँग गुनासो गर्ने अधिकार हुँदैन ।
- एक व्यक्ति, एक मत र एक मत, एक मुल्य

# उम्मेदवारको मनोनयनसम्बन्धी व्यवस्था

निर्वाचनमा उम्मेदवार हुन संविधान र प्रचलित ऐनबमोजिम योग्यता पुगेको व्यक्तिले आफैँ वा निजको प्रतिनिधि, प्रस्तावक वा समर्थकमार्फत निर्वाचन कार्यक्रमको सूचनामा उल्लिखित मिति र समयमा निर्वाचन अधिकृतको कार्यालयमा मनोनयनपत्र दर्ता गर्न वा गराउन सक्नेछ । कुनै दलको तर्फबाट उम्मेदवार हुने व्यक्तिको हकमा मनोनयनपत्र दर्ता गर्दा दलबाट प्रदान गरिएको औपचारिकपत्र समेत दाखिला गर्नुपर्नेछ । त्यस्तो औपचारिक पत्र प्रदान गर्ने अधिकार पाएको दलको पदाधिकारीले त्यस्तो औपचारिक पत्रको एक प्रति निर्वाचन अधिकृतलाई उपलब्ध गराउनु पर्नेछ । मनोनयनपत्र दर्ता गर्दा वा गराउँदा एकजनाले प्रस्ताव र अर्को एक जनाले समर्थन गरी सहिछाप गरेको हुनुपर्नेछ । त्यस्तो प्रस्तावक र समर्थकको नाम मतदाता नामावलीमा दर्ता भएको व्यहोरा खुल्ने प्रमाणसमेत मनोनयनपत्र साथ संलग्न गर्नुपर्नेछ । कुनै व्यक्तिले एउटै पदको निर्वाचनका लागि भिन्नाभिन्नै प्रस्तावक र समर्थक रहेका बढीमा दुईवटा मनोनयनपत्र दर्ता गर्न सक्नेछ ।

मनोनयनपत्र दर्ता गर्न अध्यक्ष, उपाध्यक्ष, प्रमुख, उपप्रमुख, वडा अध्यक्ष तथा वडा सदस्यहरूको हकमा आयोगले तोकेको धरौटी खातामा जम्मा गरेको बैंक भौचर वा नगदी रसिदसमेत पेश गर्नुपर्नेछ । मनोनयनपत्र जाँच गर्दा रीतपूर्वकको देखिएमा निर्वाचन अधिकृतले त्यस्तो मनोनयनपत्र दर्ता गरी मनोनयनपत्र दर्ता गर्न ल्याउने व्यक्तिलाई निस्सा दिनुपर्नेछ । रीत नपुगेको मनोनयनपत्र दर्ता गर्न ल्याएमा रीत नपुगेको जति सच्याउन लगाई त्यस्तो मनोनयनपत्र दर्ता गरिदिनु पर्नेछ । त्यसरी रीत नपुगेको कुरा सच्याउनुपर्ने व्यहोरा नसच्याई मनोनयनपत्र दर्ता गराउन चाहेमा सोही व्यहोरा मनोनयनपत्रमा जनाई मनोनयनपत्र दर्ता गरिदिनु पर्नेछ ।

### मनोनयनपत्र साथ पेश गर्नुपर्ने कागजात

नेपाली नागरिकताको प्रमाणपत्रको प्रतिलिपि । अध्यक्ष, उपाध्यक्ष, प्रमुख र उपप्रमुखका लागि सम्बन्धित गाउँपालिका वा नगरपालिकाको कुनै वडाको मतदाता नामावलीमा नाम समावेश भएको निस्सा, वडा अध्यक्ष र वडा सदस्य पदका लागि सम्बन्धित वडाको मतदाता नामावलीमा नाम समावेश भएको निस्सा । दलित महिला वडा सदस्य पदका लागि सम्बन्धित गाउँपालिका, नगरपालिका वा अधिकार प्राप्त निकायले दिएको दलित समुदायको व्यक्ति भएको प्रमाणित हुने निस्सा । गाउँ कार्यपालिका र नगर कार्यपालिकाको महिला सदस्य पदका लागि सम्बन्धित गाउँसभा वा नगरसभाको सदस्य रहेको निस्सा । गाउँ कार्यपालिका वा नगर कार्यपालिकाको दलित वा अल्पसङ्ख्यक सदस्य पदका लागि सम्बन्धित गाउँपालिका वा नगरपालिकाको मतदाता नामावलीमा नाम समावेश भएको निस्सा पेश गर्नुपर्ने छ ।

### नामावलीको सूची प्रकाशन गर्ने व्यवस्था

निर्वाचन अधिकृतले मनोनयनपत्र दर्ता गर्ने समय समाप्त भएपछि दर्ता भएको मनोनयनपत्रमा उल्लिखित उम्मेदवारहरूको नामावली आयोगले निर्धारण गरेबमोजिमको ढाँचामा तयार गरी आफ्नो कार्यालयमा प्रकाशन गर्नुपर्नेछ । प्रकाशित उम्मेदवारको नामावलीमा नाम समावेश भएको उम्मेदवारको योग्यताको सम्बन्धमा कुनै उम्मेदवार वा निजको निर्वाचन प्रतिनिधिले उजुरी दिन चाहेमा निर्वाचन कार्यक्रममा उल्लिखित मिति र समयमा निर्वाचन अधिकृतसमक्ष उजुरी दिन सक्नेछ ।

निर्वाचन अधिकृतले मनोनयनपत्र जाँच गर्दा कुनै उम्मेदवारको विरोधमा उजुरी परेको रहेछ भने सो सम्बन्धमा समेत आवश्यक जाँचबुझ गरी निर्णय गर्नुपर्नेछ । निर्वाचन अधिकृतले मनोनयनपत्रको जाँच गर्दा कुनै मनोनयनपत्र रीत नपुगेको देखिएमा त्यस्तो मनोनयनपत्र खारेज गर्नुपर्नेछ । निर्वाचन अधिकृतले मनोनयनपत्रको जाँच गर्दा कुनै व्यक्तिको एकभन्दा बढी मनोनयनपत्र दर्ता भएकोमा त्यस्ता मनोनयनपत्रहरू रीतपूर्वक देखिएमा सम्बन्धित उम्मेदवार वा निजको प्रतिनिधिलाई कुनै एउटा मनोनयनपत्र कायम गर्न लगाई अर्को मनोनयनपत्र खारेज गर्नुपर्नेछ । तर सम्बन्धित उम्मेदवार वा निजको प्रतिनिधि उपस्थित नभएमा निर्वाचन अधिकृतले पहिले दर्ता भएको मनोनयनपत्र कायम गरी अर्को मनोनयनपत्र खारेज गर्नेछ ।

### उम्मेदवारको नामावली तयार गर्ने

निर्वाचन अधिकृतले मनोनयनपत्रको जाँच गरिसकेपछि कानूनबमोजिम रीत पुगेका मनोनयनपत्र बमोजिमका उम्मेदवारहरूको नामावली तयार गरी त्यसको एक प्रति आफ्नो कार्यालयमा प्रकाशन गर्नुपर्नेछ ।

### उम्मेदवारले नाम फिर्ता लिन सक्ने

उम्मेदवारको नामावली प्रकाशन भएपछि कुनै उम्मेदवारले नाम फिर्ता लिन चाहेमा निर्वाचन अधिकृतसमक्ष लिखित सूचना दिनुपर्नेछ । कुनै उम्मेदवारको नाम फिर्ता लिने निवेदन प्राप्त भएमा निर्वाचन अधिकृतले सो सम्बन्धमा जाँच गर्दा व्यहोरा मनासिब देखेमा त्यस्तो उम्मेदवारको नाम उम्मेदवारको नामावलीबाट हटाउनुपर्नेछ ।

### उम्मेदवारको अन्तिम नामावली प्रकाशन गर्ने

नाम फिर्ता लिन तोकिएको समयावधि समाप्त भएपछि निर्वाचन अधिकृतले बाँकी रहेका उम्मेदवारको अन्तिम नामावली तयार गरी आफ्नो कार्यालयमा प्रकाशन गरी त्यसको एक प्रति आयोगमा पठाउनु पर्नेछ ।

### निर्विरोध निर्वाचित भएको घोषणा

कुनै उम्मेदवार निर्विरोध निर्वाचित भएमा निर्वाचन अधिकृतले त्यस्तो उम्मेदवार निर्विरोध निर्वाचित भएको घोषणा गर्नुपर्नेछ र सो घोषणाको एकप्रति आफ्नो कार्यालयमा प्रकाशन गरी सोको जानकारी आयोगलाई तुरून्त गराउनुपर्नेछ । निर्विरोध निर्वाचित भएको उम्मेदवारलाई त्यस्तो स्थानीय तहको निर्वाचन परिणाम प्राप्त भएपछि मात्र प्रमाणपत्र दिइनेछ । कुनै स्थानीय तहको सबै पदमा निर्विरोध निर्वाचन भएमा त्यस्तो स्थानीय तहका लागि मतदान हुन तोकिएको मितिमा निर्वाचनको अन्तिम परिणाम प्राप्त भएको मानिनेछ र त्यसरी निर्विरोध निर्वाचित भएका उम्मेदवारलाई सोही मितिमा प्रमाणपत्र दिइनेछ ।

### निर्वाचन चिह्न

निर्वाचन अधिकृतले दलका उम्मेदवारलाई निर्वाचन चिह्न प्रदान गर्दा संसद्मा रहेका दलहरूलाई दलकै निर्वाचन चिह्न प्रदान गर्नुपर्नेछ । निर्वाचन चिह्न प्राप्त नगर्ने दलको उम्मेदवार वा स्वतन्त्र उम्मेदवारलाई निर्वाचन चिह्न प्रदान गर्दा आयोगले स्वतन्त्ररूपमा खडा भएका उम्मेदवारले प्रयोग गर्ने गरी निर्धारण गरेका निर्वाचन चिन्हहरूको समूहबाट निर्वाचन चिन्ह प्रदान गर्नुपर्नेछ । निर्वाचन अधिकृतले निर्वाचन चिह्न प्रदान गर्दा त्यस्ता उम्मेदवारलाई निर्वाचन चिह्न रोज्न लगाई उम्मेदवार वा निजको प्रतिनिधिको रोहवरमा निर्वाचन चिह्न प्रदान गर्नुपर्नेछ । तर निर्वाचन चिह्न प्रदान गर्दा कुनै उम्मेदवार वा निजको प्रतिनिधि उपस्थित नभएमा उपस्थित उम्मेदवार वा निजको प्रतिनिधिले रोजी बाँकी रहेको निर्वाचन चिह्नबाट निर्वाचन अधिकृतले निर्वाचन चिह्न प्रदान गर्नेछ । निर्वाचन चिह्न रोज्न लगाउँदा एकभन्दा बढी उम्मेदवारले एउटै निर्वाचन चिह्न रोजेमा त्यस्तो उम्मेदवारको नामको वर्णानुक्रमको आधारमा निर्वाचन चिह्न प्रदान गर्नुपर्नेछ । निर्वाचन अधिकृतले निर्वाचन चिह्न प्रदान गरेको सूचना आफ्नो कार्यालयमा प्रकाशन गरी सोको जानकारी आयोगमा तुरून्त पठाउनुपर्नेछ । ●

(पृष्ठ १ को बाँकी)

**उम्मेदवारी मनोनयनका ...**

गर्न र मताधिकारको सम्मान गर्न एवं आफूले रोजेको उम्मेदवारलाई छान्न पाउने मतदाताको सार्वभौम अधिकारलाई पूर्ण सम्मान गर्नु हुने छ । यदि कोही कसैबाट उम्मेदवारी मनोनयनदेखि मतगणनासम्मका कार्यमा अवरोध सिर्जना गर्ने, भड्काउने, बाधा व्यवधान खडा गर्ने क्रियाकलाप भएमा निर्वाचनमा खटिएका सुरक्षाकर्मीले त्यस्ता कार्यलाई तदारूकताका साथ निरूत्साहित गरी शान्ति सुरक्षा कायम गर्ने कुरामा आयोग विश्वस्त रहेको छ । मतदान स्थलमा प्राकृतिक प्रतिकूलतालाई ध्यानमा राखेर आवश्यक सुरक्षित व्यवस्था मिलाउन र मतदाताहरूको सहज, सरल एवं सुरक्षित ढंगले मतदान गर्न आवश्यक भौतिक व्यवस्था मिलाउन मुख्य निर्वाचन अधिकृत र निर्वाचन अधिकृतहरूलाई निर्देशन दिइसकिएको छ ।

स्थानीय तह निर्वाचनलाई स्वच्छ, स्वतन्त्र, निष्पक्ष, पारदर्शी तथा विश्वसनीय बनाउनका लागि निर्वाचन आयोगले स्थानीय तह निर्वाचन आचारसंहिता २०७३ लाई २०७३ फागुन १८ गतेदेखि लागू गरिसकेको स्मरण गराउन चाहन्छु । आचार संहिता अनुगमनका लागि आयोगले माननीय निर्वाचन आयुक्तको संयोजकत्वमा केन्द्रीयस्तरमा निर्वाचन आचारसंहिता अनुगमन समिति र निर्वाचन सम्बन्धी विवाद हेर्न निर्वाचन विवाद निरूपण समिति गठन गरेको छ । जिल्लामा क्षेत्रीय प्रशासक, प्रमुख जिल्ला अधिकारी, मुख्य निर्वाचन अधिकृत, निर्वाचन अधिकृत र जिल्ला निर्वाचन कार्यालयलगायतले पनि आचारसंहिता पालनाको अनुगमन गर्ने व्यवस्था मिलाइएको छ । जिल्लामा उजुरी परेर त्यहाँ टुङ्गो नलागेका विषयलाई केन्द्रमा पठाइने छ र उक्त समितिले आवश्यक निर्णय गर्ने छ । प्रचार प्रसारको कार्य सुरु भएपछि उच्चस्तरीय अनुगमन टोलीले अनुगमन गर्ने व्यवस्था गरिएको छ । यस्ता टोलीले आचारसंहिता पालनाको अनुगमन गर्ने छ र आचार संहिता उल्लङ्घन गरेको पाएमा जरिवाना समेत गर्न सक्ने कानूनी व्यवस्था छ । केही संवेदनशील जिल्लामा सुक्ष्म अनुगमनकर्ता पनि खटाइने छ । निर्वाचन आचारसंहिताको पूर्ण पालना सबै पक्षबाट हुने विश्वास आयोगले लिएको छ ।

संवैधानिक व्यवस्थाबमोजिम महिला, दलित र अल्पसङ्ख्यकको प्रतिनिधित्व सुनिश्चित गर्न मतदाता शिक्षालाई व्यापकरूपमा लैजानुपर्ने भएकाले महिला मतदाताका अतिरिक्त महिला उम्मेदवारलाई लक्षित गरेर विशेष मतदाता शिक्षा कार्यक्रम अगाडि बढाइएको छ । मतदाता शिक्षालाई प्रभावकारी बनाउने आयोगको नीति अनुसार, तालिमप्राप्त मतदाता शिक्षा कार्यकर्तालाई घरघरमा पुग्ने व्यवस्था गरिएको छ । दोस्रो चरणको निर्वाचनमा प्रति मतदान केन्द्र कम्तीमा एक जना मतदाता शिक्षा कार्यकर्ताको दरले करिब ११ हजार ९३१ कर्मचारीलाई मतदाता शिक्षाका सामग्रीसहित परिचालन गरिएको छ । यसका साथै आमसञ्चार माध्यम छापा, रेडियो, टेलिभिजन, एफ. एम. रेडियोमा स्थानीय भाषाहरूमा समेत मतदातासँग सम्बन्धित सूचना तथा सन्देशहरू प्रकाशन तथा प्रसारण भइरहेको छ । नेपालमा बोलिने राष्ट्रभाषाहरूमध्ये १६ राष्ट्रभाषामा मतदाता शिक्षा सामग्री तयार गरिएको छ । मतदाता शिक्षालाई बढी प्रभावकारी बनाउन आम सञ्चारमाध्यम, राजनीतिक दल, उम्मेदवारहरूको पनि पर्याप्त सहयोग हुने विश्वास आयोगले लिएको छ । दोस्रो चरणको निर्वाचनमा मतदाता शिक्षालाई अफ बढी प्रभावकारी बनाउन मतदाता शिक्षा कार्यकर्तालाई बढी जिम्मेवार बनाइएको छ । मतदान केन्द्रमा सक्कलै मतपत्र अवलोकलन गर्ने व्यवस्थासमेत मिलाइएको र विभिन्न स्थानीय भाषामा तयार पारिएका मतदाता शिक्षा सामग्रीहरू वितरण गरिएको छ । साथै विभिन्न कलाकारहरूबाट निर्वाचन सामग्रीहरू तयार गरी स्थानीय रेडियो, टेलिभिजनबाट प्रसारण गर्ने कामसमेत हुँदै आएको छ । साथै केही जिल्लामा सडक नाटक र नमूना मतदान कार्यक्रम समेत सञ्चालन गरिएको छ ।

निर्वाचनमा आवश्यक पर्ने सबै सुरक्षा व्यवस्था नेपाल सरकारले मिलाउने प्रतिबद्धता व्यक्त गरेको छ । निर्वाचन आयोगका पदाधिकारी, कर्मचारी, निर्वाचनमा खटिने कर्मचारी, मतदानमा प्रयोग हुने सामग्रीहरूको सुरक्षा, ढुवानी व्यवस्थापन, मतदान स्थलको सुरक्षा तथा मतदाता, राजनीतिक दलको कार्यालय, उम्मेदवार यी सबैको भरपर्दो सुरक्षा व्यवस्था हुने छ भन्नेमा आयोग विश्वस्त छ । सरकारले पहिलो चरणको निर्वाचनको अनुभवलाई समेत ध्यानमा राखेर दोस्रो चरणको निर्वाचनको सुरक्षा व्यवस्थालाई थप प्रभावकारी र निर्वाचन मैत्री बनाउन कुनै कसुर बाँकी राख्ने छैन भन्ने अपेक्षा आयोगले राखेको छ ।

स्थानीय तहको निर्वाचन पर्यवेक्षणका लागि आयोगले राष्ट्रिय पर्यवेक्षकहरूलाई अनुरोध गर्ने नीति अगाडि सारे अनुसार दोस्रो चरणको निर्वाचनमा पर्यवेक्षणका लागि आयोगले ४७ वटा संस्थाका करिब सात हजार ८९ जना पर्यवेक्षकलाई निर्वाचन पर्यवेक्षणको अनुमति दिइसकिएको छ । आयोगले वैशाख ३१ मा सम्पन्न भएको पहिलो चरणको स्थानीय तह निर्वाचनमा नेपालमा रहेका १२ वटा कूटनीतिक नियोगका सदस्यलाई काठमाडौं उपत्यकामा अध्ययन भ्रमणका लागि अनुमती दिएको थियो । दोस्रो चरणको निर्वाचनमा काठमाडौं रहेका कूटनीतिक नियोगका सदस्यहरूलाई देशका विभिन्न आठ शहरमा निर्वाचन अवलोकनको व्यवस्था मिलाएको छ । यसअन्तर्गत प्रदेश नम्बर १ मा विराटनगर र धनकुटा, प्रदेश नम्बर २ मा जनकपुर र बर्दिबास, प्रदेश नम्बर ५ मा भैरहवा र पाल्पा तथा प्रदेश नम्बर ७ मा धनगढी र डडेलधुरामा अवलोकन भ्रमण गराउने तयारी भइरहेको छ । निर्वाचनमा मतदान केन्द्रसम्मका घटनाक्रमलाई तत्कालै आयोगलाई जानकारी गराउन र आवश्यक निर्देशन दिन आयोगमा संयुक्त निर्वाचन सञ्चालन केन्द्र (जेइओसी) २०७४ वैशाख ३ गते नै स्थापना भइसकेको छ । साविकको जस्तै निर्वाचनसँग सम्बन्धित सूचना तथा जानकारीहरू सरल र सहज तरिकाले प्रदान गर्न निर्वाचन आयोगमा कल सेन्टर सञ्चालन भइरहेको छ । केही संवेदनशील मतदान स्थललाई अत्याधुनिक प्रविधिको प्रयोग गरी आयोगबाट सोफै अनुगमनको व्यवस्था मिलाइएको छ । स्थानीय तह निर्वाचनको प्रयोजनका सूचना प्रवाहमा सहजता ल्याउन मिडिया सेन्टर सञ्चालनमा रहेको छ ।

## आदरणीय पत्रकार मित्रहरू

दुई चरणमा निर्वाचन गर्ने गरी नेपाल सरकारले गरेको निर्णयअनुसार मतदातालाई तोकिएकै समय असार १४ गते स्थानीयतह दोस्रो चरणको निर्वाचन हुनेमा ढुक्क रहन म आयोगको तर्फबाट समस्त मतदाता, राजनीतिक दल, नागरिक समाज, आमसञ्चार जगत् र सरोकारवालाहरू सबैमा हार्दिक अनुरोध गर्दछु । निर्वाचनमा आमसञ्चारका माध्यमको भूमिका अत्यन्त महत्वपूर्ण रहँदै आएको छ । संविधानले प्रेसलाई पूर्ण स्वतन्त्रता प्रदान गरेको छ । तसर्थ पूर्ण स्वतन्त्रताको उपभोग गरेका सञ्चार माध्यमले दिने समाचार सामग्रीबाट आम मतदाता लाभान्वित हुने छन् भन्ने आयोगले विश्वास लिएको छ । आयोगका पूर्व निर्धारित निर्वाचनका कार्यक्रममा कुनै फेरबदल नहुने भएकाले सबै मतदाता र राजनीतिक दलहरूलाई भोलि असार २ गते शुक्रबार तय भएको उम्मेदवारी मनोनयनको कार्यक्रममा उत्साहपूर्वक सहभागी हुन आयोगको तर्फबाट म पुनः राजनीतिक दलका उम्मेदवार तथा स्वतन्त्र उम्मेदवारहरूसँग हार्दिक अपील गर्दछु । साथै मनोनयन कार्य शान्तिपूर्ण रूपमा सम्पन्न गर्न सम्पूर्ण सरोकारवालासँग मेरो विनम्र अनुरोध छ । धन्यवाद

*(२०७४ वैशाख ३१ गते (१४ मे, २०१७) पहिलो चरणको स्थानीय तह निर्वाचन सम्पन्न भइसकेको र २०७४ असार १४ (२८ जुन २०१७) मा सम्पन्न हुने दोस्रो चरणको 'स्थानीय तह निर्वाचन' को तयारीका विषयमा माननीय प्रमुख निर्वाचन आयुक्त डा. अयोधीप्रसाद यादवले २०७४ असार १ गते निर्वाचन आयोगको मिडिया सेन्टरमा आयोजित पत्रकार सम्मेलनमा दिनुभएको वक्तव्य)*

# स्थानीय तह निर्वाचन २०७४ मा नियुक्त हुनुभएका मुख्य निर्वाचन अधिकृतहरू

| जिल्ला | खटिएको स्थानीय तहको नाम | मुख्य निर्वाचन अधिकृतको नाम |
|---|---|---|
| ताप्लेजुङ | फुङलीङ नगरपालिका | श्री अशोककुमार वस्नेत |
| पाँचथर | फिदिम नगरपालिका | श्री राजेन्द्रकुमार श्रेष्ठ |
| ईलाम | ईलाम नगरपालिका | श्री नवराज दाहाल |
| झापा | भद्रपुर नगरपालिका | श्री सुदर्शनराज पाण्डे |
| संखुवासभा | खाँदवारी नगरपालिका | श्री देवेन्द्र पौडेल |
| तेह्रथुम | म्याङलुङ नगरपालिका | श्री इन्द्रकुमार चोङटेन्ली |
| धनकुटा | धनकुटा नगरपालिका | श्री किशोर घिमिरे |
| भोजपुर | भोजपुर नगरपालिका | श्री प्रकाश श्रेष्ठ |
| खोटाङ | रुपाकोट मजुवागढी नगरपालिका | श्री शान्तीप्रसाद आचार्य |
| सोलुखुम्बु | सोलुदुधकुण्ड नगरपालिका | श्री प्रकाशचन्द्र अधिकारी |
| ओखलढुंगा | सिद्दिचरण नगरपालिका | श्री उद्धवप्रसाद भट्टराई |
| उदयपुर | त्रियुगा नगरपालिका | श्री महेन्द्रबहादुर कार्की |
| मोरङ्ग | विराटनगर उपमहानगरपालिका | श्री विनोदकुमार पोखरेल |
| सुनसरी | ईनरुवा नगरपालिका | श्री अर्जुनप्रसाद कोइराला |
| सप्तरी | राजविराज नगरपालिका | श्री शारदाप्रसाद कोइराला |
| सिराहा | सिराहा नगरपालिका | श्री अमृतबहादुर बस्नेत |
| धनुषा | जनकपुर उपमहानगरपालिका | श्री राधाकृष्ण उप्रेती |
| महोत्तरी | जलेश्वर नगरपालिका | श्री किरणाकुमार पोखरेल |
| सर्लाही | मलंगवा नगरपालिका | श्री सूर्यप्रसाद अधिकारी |
| रौतहट | गौर नगरपालिका | श्री लेखनाथ ढकाल |
| वारा | कलैया नगरपालिका | श्री रीतेन्द्र थापा |
| पर्सा | बिरगंज उपमहानगरपालिका | श्री मोहम्मद जुनेद आजाद |
| दोलखा | भिमेश्वर नगरपालिका | श्री राजेन्द्र नेपाल |
| रामेछाप | मन्थली नगरपालिका | श्री किरणप्रसाद सिवाकोटी |
| सिन्धुली | कमलामाई नगरपालिका | श्री परशुराम भट्टराई |
| काभ्रेपलान्चोक | धुलिखेल नगरपालिका | श्री मेदिनीप्रसाद पौडेल |
| सिन्धुपाल्चोक | साँगाचोकगढी नगरपालिका | श्री राजेशकुमार काफ्ले |
| रसुवा | गोसाईकुण्ड गाउँपालिका | श्री रामराजा उप्रेती |
| नुवाकोट | विदुर नगरपालिका | श्री लोकजंग शाह |
| धादिङ | निलकण्ठ नगरपालिका | श्री भरत लम्साल |
| चितवन | भरतपुर महानगरपालिका | श्री कविप्रसाद न्यौपाने |
| मकवानपुर | हेटौडा उपमहानगरपालिका | श्री दयाराम ढकाल |
| भक्तपुर | भक्तपुर नगरपालिका | श्री भोजराज शर्मा |
| ललितपुर | ललितपुर महा नगरपालिका | श्री बालमुकुन्द दवाडी |
| काठमाण्डौं | काठमाण्डौं महानगरपालिका | श्री पुरुषोतमप्रसाद ढकाल |
| गोरखा | गोरखा नगरपालिका | श्री बसन्तराज पौडेल |
| लमजुङ | बेशीशहर नगरपालिका | श्री अर्जुन अधिकारी |
| तनहुँ | व्याँस नगरपालिका | श्री अम्बरराज पौडेल |

| जिल्ला | खटिएको स्थानीय तहको नाम | मुख्य निर्वाचन अधिकृतको नाम |
|---|---|---|
| कास्की | पोखरा लेखनाथ महानगरपालिका | श्री नागेन्द्रलाल कर्ण |
| मनाङ | चामे गाउँपालिका | श्री श्यामसुन्दर अधिकारी |
| मुस्ताङ | घरपझोङ गाउँपालिका | श्री वलराम त्रिपाठी |
| पर्वत | कुश्मा नगरपालिका | श्री मोहनराज भट्टराई |
| स्याङ्जा | पुतलीबजार नगरपालिका | श्री रमेशकान्त अधिकारी |
| म्याग्दी | वेनी नगरपालिका | श्री रामप्रसाद शर्मा |
| वाग्लुङ | बाग्लुङ नगरपालिका | श्री हिमलाल बेल्वासे |
| नवलपरासी | रामग्राम नगरपालिका | श्री कैलाश के.सी. |
| रुपन्देही | सिद्धार्थनगर नगरपालिका | श्री मुरारीबाबु श्रेष्ठ |
| कपिलबस्तु | कपिलवस्तु नगरपालिका | श्री विश्वमंगल आत्रेय |
| पाल्पा | तानसेन नगरपालिका | श्री भरतमणी खनाल |
| अर्घाखाँची | सन्धिखर्क नगरपालिका | श्री केशवप्रसाद वास्तोला |
| गुल्मी | रेसुङ्गा नगरपालिका | श्री मातृकाप्रसाद मरासेनी |
| रोल्पा | रोल्पा नगरपालिका | श्री कमलप्रसाद ज्ञवाली |
| प्यूठान | मल्लरानी गाउँपालिका | श्री वासुदेव न्यौपाने |
| दाङ | घोराही उपमहानगरपालिका | श्री चुरामन खड्का |
| बांके | नेपालगंज उपमहानगरपालिका | श्री तेजनारायण पौडेल |
| बर्दिया | गुलरिया नगरपालिका | श्री कुलप्रसाद शर्मा |
| रुकुम | मुसिकोट नगरपालिका | श्री दण्डपाणी शर्मा |
| सल्यान | शारदा नगरपालिका | श्री माधवेन्द्र राज रेग्मी |
| डोल्पा | ठूली भेरी नगरपालिका | श्री सनतचन्द्र लवट |
| जुम्ला | चन्दननाथ नगरपालिका | श्री बासुदेव न्यौपाने |
| मुगु | छायाँनाथ रारा नगरपालिका | श्री पूर्णेश्वर उपाध्याय |
| हुम्ला | सिमकोट गाउँपालिका | श्री खिलनाथ रेग्मी |
| कालिकोट | खाँडाचक्र नगरपालिका | श्री केशवकुमार पाण्डे |
| जाजरकोट | भेरी नगरपालिका | श्री लीलाराज अधिकारी |
| दैलेख | नारायण नगरपालिका | श्री प्रकाशप्रसाद पण्डित |
| सुर्खेत | बीरेन्द्रनगर नगरपालिका | श्री कैलाशप्रसाद सुवेदी |
| बाजुरा | बडीमालिका नगरपालिका | श्री हेमबहादुर सेन |
| बझाङ | जयपृथ्वी नगरपालिका | श्री पूर्णप्रसाद वास्तोला |
| डोटी | दिपायल सिलगढी नगरपालिका | श्री नरनारायण पौडेल |
| अछाम | मंगलसेन नगरपालिका | श्री हरिप्रसाद शर्मा उपाध्याय |
| दार्चुला | महाकाली नगरपालिका | श्री दुर्गाबहादुर भुसाल |
| बैतडी | दशरथचन्द नगरपालिका | श्री ध्रुवकुमार शाह |
| डडेलधुरा | अमरगढी नगरपालिका | श्री देवकुमार गिरी |
| कंचनपुर | भीमदत्त नगरपालिका | श्री प्रकाश ढुङ्गाना |
| कैलाली | धनगढी उपमहानगरपालिका | श्री धनसिंह महरा |

*नोट : काठमाडौं महानगरपालिकाको मुख्य निर्वाचन अधिकृत श्री पुरुषोत्तमप्रसाद ढकाललाई पारिवारिक शोकका कारण श्री दीपक अधिकारीले निर्वाचन सम्पन्न गर्नुभएको थियो ।*

# स्थानीय तह निर्वाचन, २०७४

# दोस्रो चरणको निर्वाचन कार्यक्रम

| क्र.सं. | कार्यक्रम | मिति | | समय | | स्थान |
|---|---|---|---|---|---|---|
| | | देखि | सम्म | देखि | सम्म | |
| १. | उम्मेदवारको मनोनयनपत्र दर्ता गर्ने | २०७४।३।२ | | १०.०० | १७.०० | मुख्य/निर्वाचन अधिकृतको कार्यालय, गाउँपालिका/ नगरपालिका केन्द्र |
| २. | मनोनयनपत्र दर्ता भएको उम्मेदवारको सूची प्रकाशन गर्ने | २०७४।३।२ | | १०.०० | १७.३० | ऐ. ऐ. |
| ३. | उम्मेदवारको विरोधमा उजुरी दिने | २०७४।३।३ | | १०.०० | १३.०० | ऐ. ऐ. |
| ४. | मनोनयनपत्र जाँच गर्ने | २०७४।३।३ | २०७४।३।४ | २०७४।३।३ को १३.०० | २०७४।३।४ को ११.३० | ऐ. ऐ. |
| ५. | मनोनयन भएको उम्मेदवारको नामावली प्रकाशन गर्ने | २०७४।३।४ | | ११.३० | १३.०० | ऐ. ऐ. |
| ६. | उम्मेदवारले नाम फिर्ता लिने | २०७४।३।४ | | १३.०० | १७.०० | ऐ. ऐ. |
| ७. | उम्मेदवारको अन्तिम नामावली प्रकाशन गर्ने | २०७४।३।५ | | १०.०० | ११.०० | ऐ. ऐ. |
| ८. | उम्मेदवारलाई निर्वाचन चिह्न प्रदान गर्ने | २०७४।३।५ | | ११.०० | १७.०० | ऐ. ऐ. |
| ९. | मतदान गर्ने | २०७४।३।१४ | | ०७.०० | १७.०० | सम्बन्धित मतदान केन्द्र |

**द्रष्टव्य :**

१. निर्वाचन अधिकृतले गाउँपालिका/नगरपालिका वडाभित्रका सबै मतदान केन्द्रमा मतदान भएका सबै मतपेटिका मतदान अधिकृतबाट प्राप्त गरेपछि मतगणना कार्य सुरू गर्नेछ।

२. मतगणना कार्य समाप्त भएपछि निर्वाचन परिणाम घोषणा गरिनेछ।


## सम्पादक मण्डल

**संरक्षक : गोपीनाथ मैनाली, सचिव**

**संयोजक : दीपक सुवेदी, सहसचिव**

**सहसंयोजक : सूर्यप्रसाद शर्मा–सहसचिव एवं प्रवक्ता, नवराज ढकाल–सहसचिव, लक्ष्मीप्रसाद यादव–सहसचिव**

**सम्पाक सदस्यहरु : गोविन्द चिमौरिया, नारद गौतम, नारायण न्यौपाने, अच्युत अर्याल, अमरेन्द्र यादव**

**सदस्य–सचिव : प्रदीप भट्टराई, पुस्तकालय अधिकृत**

**मुद्रण व्यवस्थापन : बाबुराम कोइराला, मुद्रण अधिकृत**

**तस्बिर : पुनदेव रौनियार**

**कम्प्युटर लेआउट : कुमार लुइटेल**

**फोन : ०१–४२२८६६३, फ्याक्स : ०१–४२२६७००, इमेल :** info@election.gov.np, **वेबसाइट :** www.election.gov.np